# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

**बर्ष:१** **खण्ड:१०** **मिति २०७५ साल अषाढ १२**


भाग-२

## अन्नपूर्ण गाउँपालिकाको प्राकृतिक सम्पदाको संरक्षण तथा उपभोग निर्देशिका, २०७४

**प्रस्तावनाः**
अन्नपूर्ण गाउँपालिकाको प्राकृतिक सम्पदाको संरक्षण तथा उपभोग गर्ने सम्बन्धमा नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम गाउँपालिकाले यो निर्देशिका जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**
(१) यस निर्देशिकाको नाम "प्राकृतिक सम्पदाको संरक्षण तथा उपभोग निर्देशिका, २०७४" रहेको छ ।
(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**
विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस निर्देशिकामा-
(क) "प्राकृतिक सम्पदा" भन्नाले प्राकृतिक रुपमा सदियौं वर्षदेखि अस्तित्वमा रहेका हिमाल, वन, जंगल, नदी, खोला, ताल, पोखरी, सार्वजनिक तथा सरकारी जमिन, सामुदायिक वन, कबुलियत वन, बुट्यान, चरिचरन खर्क समेतलाई जनाउनेछ ।

(ख) “ऐन” भन्नाले “स्थानीय सरकार सञ्चालन ऐन २०७४”, “वन ऐन २०४९”, “वातावरण संरक्षण ऐन २०५३” र “राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी ऐन २०२९” समेत लाई सम्झनु पर्दछ ।

(ग) “नियमावली” भन्नाले “वातावरण संरक्षण नियमावली २०५३” लाई सम्झनु पर्दछ ।

(घ) “गाउँपालिका” भन्नाले अन्नपूर्ण गाउँपालिका वा अध्यक्षलाई बुझाउँछ ।

(ङ) “उपप्रमुख” भन्नाले अन्नपूर्ण गाउँपालिको उपाध्यक्षलाई बुझाउँछ ।

(च) “गाउँसभा” भन्नाले अन्नपूर्ण गाउँपालिकाद्वारा गठित गाउँसभा सम्झनुपर्दछ ।

(छ) “संरक्षण क्षेत्र” भन्नाले नेपाल सरकारले घोषणा गरेको संरक्षित क्षेत्रलाई बुझाउँछ ।

(ज) “उच्चस्तरीय कार्यदल” वा “अध्ययन समिति” भन्नाले गाउँपालिकाले गठन गरेको समितिलाई बुझाउँछ ।

(झ) “वडा” भन्नाले गाउँपालिको वडा र वडाध्यक्ष समेतलाई बुझाउँछ ।

(ञ) “न्यायिक समिति” भन्नाले गाउँपालिकामा गठित न्यायिक समितिलाई बुझाउँछ।

(ट) “निर्देशिका” भन्नाले प्राकृतिक सम्पदा संरक्षण तथा उपभोग निर्देशिका २०७४ लाई बुझाउँछ ।

**३. निर्देशिकाको उद्देश्यः**

यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छः

(क) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक सम्पदा (वन, जडिबुटि, जंगल, वनस्पति, सार्वजनिक तथा सरकारी जग्गा, नदी नाला, खानी आदि) को संरक्षण तथा उपभोग गरी स्थानीयबासीको जीवनस्तर उकास्ने र गाउँपालिकालाई समृद्धि बनाउने,

(ख) प्राकृतिक सम्पदाहरूको संरक्षण, उपभोग र भौतिक पूर्वाधार निर्माण एवं सञ्चालनमा एकरुपता कायम गर्ने,

(ग) गाउँपालिको आन्तरिक स्रोत अभिवृद्धि गरी दीगो र पारदर्शी कर व्यवस्थापन सुदृढ पार्ने,

(घ) खेल पर्यटनको विकास गरी पर्यटन व्यवसायको विकास र विस्तार गर्ने,

(ङ) संरक्षण क्षेत्र र गाउँपालिका क्षेत्रभित्र क्रियाशील विभिन्न सरकारी तथा गैह्रसरकारी संघसंस्थासँग समवन्य गरी एकद्वार करप्रणाली लागू गर्ने ।

**४. प्राकृतिक सम्पदाको वर्गीकरणः**

प्राकृतिक सम्पदाको संरक्षरण र उपभोगका दृष्टिमा देहायबमोजिम वर्गीकरण गरिएको छ-

(क) पर्यटक सेवा उद्योगः

पर्यटक उद्योग भन्नाले होटल, रेष्टुरेष्ट, क्याफे, बेकरी, जिप फ्लायर, ड्राई-क्योनिङ, हाइकिङ्ग, टुर एण्ड ट्राभल्स, वञ्जी जम्प, केवुलकार, प्याराग्लाइडिङ्ग, हर्सराइडिङ्ग, क्याम्प साइट आदि पर्दछन् ।

(ख) कृषि तथा पशुपालनः कृषि तथा पशुपालन अन्गार्तत, कृषिजन्य उत्पादन, संकलन तथा बिक्री केन्द्र, कृषि प्रदर्शनी, हाट बजार, भेडा, बाखा, चौंरी, गाई, भैंसी, वंगुर, सुँगर, खरायो, चौडा, पंक्षीपालन (घरेलु तथा जंगली) आदि पर्दछन्।

(ग) खानी उत्खनन् र उपभोगः यस अन्तर्गत ढुंगा, बालुवा, माटो, गिटी, मार्वल, स्लेट, क्लिंकर, धातु उत्खन (फलाम, तामा, सुन, हिरा, पुष्पराज) आदि पर्दछन्।

(घ) वन पैदावार संकलन र उपभोगः यस अन्तर्गत घाँस, पातपंतिगर, काठ, दाउरा, लालीगुराँस, ओठसल्लो, खर, लोकता, निरमसी, पाँचऔंले, यार्सागुम्बा लगायत विविध जडिबुटी पर्दछन् ।

(ङ) जल तथा उर्जा उत्पादनः यस अन्तर्गत पानी घट्टा, लघुजल विद्युत, खानेपानी उद्योग, ऱ्याफ्टिङ्ग, क्यानोनिङ्ग, वाटर/स्नो स्केटी (पानी/हिँउ चिप्लेटी), पौडीपोखरी, माछापालन, ... आदि पर्दछन् ।

(च) सार्वजनिक जग्गाको उपभोगः यस अन्तर्गत सार्वजनिक, ऐलानी वा सरकारी, खरक, चरन आदि पर्दछन् ।

## ५. सेवा सञ्चालन अनुमति तथा व्यवस्थापन प्रक्रियाः

नियम ४ को वर्गीकृत प्राकृतिक सम्पदा तथा उपभोग सम्बन्धी सेवा सञ्चालन गर्न देहाय बमोजिमका प्रक्रिया अवलम्बन गर्नुपर्नेछ-

(क) नियम ४ (क) मा उल्लिखित सेवा सञ्चालनका लागि वडाको सिफारिस सहित अनुसूची-१ बमोजिमको ढाँचा अनुसारको मापदण्ड पूरा गरी गाउँपालिकाको कार्यालयमा निवदेन दिनुपर्दछ ।

(ख) नियम ५ (क) बमोजिम गाउँपालिकामा दर्ता हुन आएका निवेदनमाथि आवश्यक छानवीन गरी तोकिएको मापदण्ड पुगेको खण्डमा अनुसूची-२ बमोजिमको सेवा सञ्चालन अनुमति दिनुपर्नेछ ।

(ग) नियम ४ (ख) देखि (च) मा उल्लिखित सेवा सञ्चालनका लागि वडाको सिफारिस सहित अनुसूची-३ बमोजिमको ढाँचा अनुसारको मापदण्ड पूरा गरी गाउँपालिकाको कार्यालयमा निवदेन ि द न ु प द र् छ ।

(घ) नियम ५ (ग) बमोजिम गाउापालिकामा दर्ता हुन आएका निवेदनमाथि आवश्यक छानवीन गरी तोकिएको मापदण्ड पुगेको खण्डमा अनुसूची-४ बमोजिमको व्यवसाय सञ्चालन अनुमति दिनुपर्नेछ ।

## ६. सार्वजनिक तथा सरकारी जग्गा लिजमा उपभोग सम्बन्धी व्यवस्थाः

गाउँपालिका क्षेत्रभित्र रहेका संरक्षित क्षेत्र तथा सार्वजनिक जग्गामा नियम ४ (ख) बाहेक अन्य व्यवसाय सञ्चालनका लागि तपसील बमोजिमका थप प्रक्रिया पूरा गरी अनुमति प्रदान गर्न सकिने छः

(१) नयाँ व्यवसाय सञ्चालन अनुमतिको माग गर्दा आवश्यक जग्गाको क्षेत्रफल सहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सकिने छ । त्यस्ता निवेदन उपर आवश्यक छानविन गरी वडाले स्थानीय व्यवसायीलाई प्राथमिकता दिई गाउँपालिकालाई सिफारिस गरेको आधारमा गाउँपालिकाले कम्तिमा पनि २१ दिनको समय राखी स्थानीय पत्रपत्रिकामा आवश्यक मापदण्ड

खुलाई बोलकबोल (टेण्डर) सम्बन्धी सूचना प्रकाशित गर्नुपर्ने छ । र प्रतिस्पर्धाका आधारमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यवसायीलाई सञ्चालन अनुमति दिइनेछ ।

(२) सार्वजनिक जग्गामा नयाँ होटल तथा रेष्टुरेण्ट सञ्चालन अनुमति लागि निवेदन परेमा तत् क्षेत्रमा नयाँ स्वीकृति दिन आवश्यक छ वा छैन भन्नेबारेमा गाउँपालिकाले एक उच्चस्तरीय अध्ययन समिति गठन गर्ने छ । र सोही उच्चस्तरीय अध्ययन समितिको अध्ययन प्रतिवेदन र राय सुझाव अनुसार कुन स्थानमा अनुमति दिने वा नदिने निर्णय लिइने छ ।

(३) मापदण्ड निर्धारण गर्दा आवश्यकता परेका खण्डमा गाउँपालिकाले प्राविधिकसहितको मूल्याङ्कन समिति गठन गरी राय सुझाव माग्न सक्नेछ ।

(४) कुनै पनि व्यवसायिक संरचना निर्माण गर्नुपूर्व नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरी गाउँपालिकाबाट अनिवार्य रुपमा नक्शा पास गरेको हुनुपर्नेछ ।

(५) कृषि तथा पशुपालनका हकमा माथि जे कुरा उल्लेख गरिएको भए पनि हाटबजार सञ्चालनका लागि भने खुल्ला बोलपत्र (टेण्डर) प्रक्रिया अपनाइनेछ ।

(६) निर्देशिका लागू हुनुपूर्व सञ्चालित व्यवसायको हकमा सम्बन्धित वडाको सिफारिस सहित आफूले सञ्चालन गरेको व्यवसायिक विवरण खुलाई अनुसूची १ बमोजिमको ढाँचाअनुसार गाउँपालिकामा निवेदन दिई व्यवसाय दर्ता प्रमाणपत्र लिनुपर्ने छ ।

(७) व्यवसायिक क्षेत्र र क्षमताको आधारमा गाउँपालिकाले आवश्यक वार्षिक कर निर्धारण गर्न सक्ने छ । त्यस्तो कर निर्धारण गर्दा आवश्यक परेका खण्डमा सरोकारवालासँग छलफल गरी राय सुझाव लिई कर निर्धारण गर्न सक्नेछ ।

(८) नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुसार अनिवार्य रुपमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने बाहेकका योजना तथा व्यवसायहरुको अनुमति गाउँपालिकाले दिन सक्नेछ । वातावरणीय प्रभाव मूल्याङ्कलन गर्नुपर्ने व्यवसाय तथा योजनाका हकमा भने नेपाल सरकारले तोकेको मापदण्डअनुसार प्रक्रिया पुरा गरेपछिमात्र अनुमति दिइने छ ।

(९) नियम ४ (च) को जलविद्युत उत्पादनको हकमा राष्ट्रिय ग्रिडमा जोडिने र जोडिएका जलविद्युत आयोजनाहरुले नेपाल सरकारलाई तिर्ने रोयल्टीको १० प्रतिशत रकम प्रत्येक वर्ष गाउँपालिकालाई बुझाउनुपर्ने छ ।

(१०) निर्देशिका लागू हुनुपूर्वदेखि नै सञ्चालनमा रहेका होटलहरूको क्षमता विस्तार सम्बन्धी व्यवस्था नियम ७ बमोजिमको व्यवस्था लागू हुनेछ ।

## ७. पुराना होटलको क्षमता विस्तार सम्बन्धी व्यवस्था :

वर्षौदेखि सार्वजनिक तथा संरक्षित क्षेत्रको जग्गामा निर्माण भई सञ्चालनमा रहेका होटल तथा रेष्टुरेण्टहरुको क्षमता विस्तार सम्बन्धमा एक उच्चस्तरीय कार्यदल गठन गर्न सकिने छ । कार्यदलले तयार पारेको कार्ययोजनासहितको अध्ययन प्रतिवेदनका आधारमा गाउँपालिकाले ती होटल तथा रेष्टुरेण्टहरूको क्षमता विस्तार गर्ने वा नगर्ने बारेमा आवश्यक निर्णय गर्न सक्ने छ ।

## ८. व्यवसायिक कर दस्तुर निर्धारण

नियम ४ को (ख) बाहेकका अन्य व्यवसायिक कर तपसील बमोजिम निर्धारण गरिएको छ-

| क्र.स. | व्यवसायको प्रकार | दर्ता शुल्क | नवीकरण शुल्क | वार्षिक रोयल्टी | कैफियत |
|---|---|---|---|---|---|
| १ | होटल/रेष्टुरेण्ट | रु. ५०००।- | रु. २०००।- | रु. ४०,०००।- | |
| २ | टि सप/बेकरी | रु. ३०००।- | रु.१५०० ।- | रु. १५,०००।- | |
| ३ | हर्स राइडिङ्ग | रु. १००० ।- | रु. ५००।- | रु. ४०००।- | |
| ४ | टुर एण्ड ट्राभेल्स | रु ५०००।- | रु २०००।- | रु. १०,००० ।- | |
| ५ | क्यानोङ्गि/ बञ्जिजम्प/क्याम्प साइट | रु. ५०००।- | रु २०००।- | रु. ३०,०००।- | |
| ६ | केवुलकार | रु. २५०००।- | रु. १०,००० ।- | रु.प्रति टिकटको १०% | |
| ७ | प्याराग्लाइडिङ्ग | रु १५,०००।- | रु. ५,००० ।- | रु.प्रति टिकटको १०% | |
| ८ | खानी उत्खनन् | रु २५०००।- | रु. १०,००० ।- | टेण्डर रकमको १०% | |
| ९ | धातु उत्खनन् | रु १००००।- | रु. ५०,०००।- | टेण्डर रकमको २० % | |
| १० | घाँस, पातपतिङ्गर | रु. १००० ।- | रु. ५००।- | रु. २०००।- | |
| ११ | काठ दाहुरा | रु ५०००।- | रु २०००।- | टेण्डर रकमको १०% | |
| १२ | जडिबुटी संकलन | रु १००००।- | रु. ५०,०००।- | टेण्डर रकमको २० % | |
| १३ | खानेपानी उद्योग | रु. ५०००।- | रु. २०००।- | रु. ५०,०००।- | |
| १४ | हाटबजार | रु ५०००।- | रु २०००।- | टेण्डर रकमको १०% | |
| १५ | लघु जलविद्युत | रु. ३०००।- | रु. १०००।- | रु. १०,०००।- | |
| १६ | माछापालन | रु. १००० ।- | रु. ५००।- | रु. २०००।- | |
| १७ | ऱ्याफ्टिङ्ग/वाटर/हिउँ स्केटी/पौडीपोखरी | रु. ५०००।- | रु २०००।- | रु. ५०,०००।- | |
| १८ | जलविद्युत आयोजना | प्रति मेघावाट रु | प्रति मेघावाट रु. १०,०००।- | नेपाल सरकारलाई बुझाउने राजश्वको १०% | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १०,०००।- | | | |
| १९ | हेलिकप्टर उडान दस्तुर | रु. १०००००।- | रु. १०००००।- | रु.२५००- प्रति ट्रिप -ल्याडिण्ड) | उद्धारमा दस्तुर नलाग्ने |

(द्रव्यष्ट : व्यवसायिक दर्ता अनुमति नदिई उडान भर्ने हेलिकप्टरको हकमा प्रति ट्रिप ५०००। रुपियाँ रोयल्टी तिर्नुपर्ने छ ।)

(१) संकलित व्यवसायिक कर मध्ये अधिकत ५० प्रतिशत रकम सम्बन्धित वडाको विकास निर्माण कार्यमा थप रकम विनियोजित गरिनेछ ।

## ९. व्यवसायिक एवं सञ्चालकले पालना गर्नुपर्ने शर्तहरूः

प्राकृतिक स्रोतमा आधारित व्यवसाय सञ्चालन गर्ने प्रस्तावनामा तपसील बमोजिमका शर्तहरू पालन गर्नुपर्ने छ-

(१) संरचना वा पूर्वाधार निर्माणमा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम हुनुपर्ने छ ।

(२) प्राकृतिक सम्पदाको संरक्षण तथा उपभोग गर्दा “राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९”, “वातावरण संरक्षण ऐन, २०५३” र “वन ऐन, २०४९” को प्रतिकूल नहुने गरी व्यवसायिक योजना र विभिन्न प्रकारका आयोजना तथा परियोजनाहरू सञ्चालन गर्नुपर्नेछ ।

(३) प्राकृतिक, धार्मिक तथा साँस्कृतिक सम्पदा एवं जैविक विविधताको संरक्षणमा वाधा पुऱ्याउन पाइने छैन ।

(४) वन्यजन्तु तथा जलचरप्राणीको बासस्थान एवं चरिचरनलाई हानि नोक्सानी पुऱ्याउन पाइने छैन ।

(५) सरसफाईको समुचित व्यवस्था गरी फोहोरमैलाको वैज्ञानिक विधिबाट विर्सन गर्नुपर्नेछ ।

(६) गाउँपालिकाले तोकेका अन्य मापदण्ड पूरा गर्नुपर्नेछ ।

(७) निर्देशिकामा उल्लिखित बाहेकका व्यवसाय सञ्चालन अनुमतिका लागि गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

## १०. पर्यटकमैत्री सूचना र सुरक्षा सेवा

(१) पर्यटकलाई आवश्यक पर्ने सूचना प्रत्येक पर्यटन व्यवसायीले अंग्रेजी र नेपाली भाषामा सजिलै देखिने स्थानमा लेखेर टाँस्नुपर्नेछ । त्यस्तो सूचना वोर्ड र विवरण वोर्ड तयार पार्दा एकरुपता ल्याउनुपर्छ ।

(२) व्यवसायीले पर्यटक आगुन्तक अभिलेख पुस्तिका र सोधपुछ कक्षको व्यवस्था गरी आवश्यक सूचना दिनुपर्ने छ ।

(३) पर्यटकको सुरक्षाको दायित्व सञ्चालकको हुनेछ । र, प्रत्येक व्यवसायिक प्रतिष्ठानले प्राथमिक उपचार बाकस (First Aid Box) अनिवार्य रुपमा व्यवस्था गर्नुपर्नेछ ।

(४) फोहोरको वर्गीकरण अनुसारका छुट्टाछुट्टै डसविन वा टोकरीको प्रवन्ध गरी फोहोरको उचिव व्यवस्थापन गर्नुपर्ने छ ।

(५) फोहोर राख्ने डसविन, शौचालय, वाथरुम, डाइनिङ, बेडरुम लगायतका स्थानहरुमा स्पष्ट बुझिने गरी अंग्रेजी र नेपाली भाषामा लेखी सजिलै देखिने गरी राख्नुपर्नेछ ।

## ११. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

(१) तोकिएको मापदण्ड अनुसार संरचना निर्माण भए नभएको बारे गाउँपालिका वा निजले तोकेको प्राविधिकले अनुमगन तथा मूल्याङ्कन गर्नेछ ।

(२) व्यवसायीले प्रदान गर्ने वस्तु तथा सेवाको गुणस्तरबारे आवश्यक मूल्याङ्कन गर्ने र आवश्यकता अनुसार सचेत गराउन सक्ने छ । सचेत गराउँदा समेत गुणस्तरमा ध्यान नदिने व्यवसायीलाई कारवाही गरिनेछ ।

(३) होटल, रेष्टुरेण्ट, क्याम्पसाइट लगायतका अन्य व्यवसाय समेतको अनुगमन तथा मूल्याङ्कन गर्दा गाउँपालिका आफैंले वा कुनै कार्यदल गठन गरी काम गर्न सक्नेछ ।

## १२. कारवाही र दण्ड सजाँयको व्यवस्थाः

कुनै पनि संघसंस्था लगायतका अन्य व्यवसायिक फर्म गाउँपालिकाको कार्यालयमा आवश्यक प्रक्रिया पूरा गरी दर्ता प्रमाणपत्र लिनुपर्ने छ । व्यवसाय सञ्चालन गर्दा गाउँपालिकाको पूर्व स्वीकृति वा अनुमति विना सञ्चालन गर्न पाइने छैन । यदि गरिएमा ऐन बमोजिम कारवाही हुनेछ । दण्ड, जरिवानासम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः

(१) निर्देशिका लागू हुनुपूर्व सञ्चालित व्यवसायको हकमा निर्देशिका जारी भएको मितिले ३५ दिनभित्र नियमानुसार गाउँपालिकामा व्यवसायको दर्ता गर्नुपर्नेछ । उक्त म्याद गुजारी आउने निवेदनमाथि तपसील बमोजिमको अतिरिक्त शुल्क लाग्ने छः

(क) तीन (३) महिना सम्म १० प्रतिशत

(ख) छ (६) महिनासम्म २५ प्रतिशत

(ग) एक (१) वर्षसम्म ५० प्रतिशत

(घ) दुई (२) वर्ष सम्म १०० प्रतिशत

(ङ) तीन (३) वर्षसम्म १५० प्रतिशत

(२) लगातार ३ वर्षसम्म व्यवसाय दर्ता प्रमाणपत्र नलिने व्यवसाय स्वतः खारेजीमा पर्नेछ ।

(३) खारेजीमा परेको व्यवसायिक फर्म तथा प्रतिष्ठानको हक हस्तान्तरण गर्न पाइने छैन । खारेजीमा नपरेकाले समेत बिक्री गर्न पाउने छैन । त्यस्तो व्यवसायिक फर्म तथा प्रतिष्ठान आवश्यक प्रत्रिया गरी गाउँपालिकाले स्थानीय व्यवसायीलाई प्राथमिकताका आधारमा लिलाम बिक्री गर्न सक्नेछ ।

(४) स्वीकृत मापदण्ड विपरीतका सेवा विस्तार तथा अन्य काम गरेमा, विना अनुमति सञ्चालन गरेमा, अन्य व्यवसायीलाई खलल वा दख्खल पुऱ्याएमा त्यस्तो व्यवसायीको कसुर हेरी दण्ड जरिवानाका साथै व्यवसाय खारेजी समेत गरिने छ ।

(५) कानूनले निषेध गरेको कुनै पनि गतिविधि सञ्चालन गर्न पाइने छैन । गरेमा कानून बमोजिम दण्ड जरिवाना र व्यवसाय समेत खारेजी हुनेछ ।

(६) अनुमति विना वा अनाधिकृत रुपमा व्यवसाय सञ्चालन गरेमा कानून बमोजिम कारवाही हुनेछ। तत्सम्बन्धी गाउँसभा वा न्यायिक समितिले आवश्यक छानविन गरी दण्ड जरिवाना तोक्ने छ ।

(७) नियम ९ (२) उल्लिखित शर्तको उल्लघंन गरेमा “राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९” को दफा २६ “वातावरण संरक्षण ऐन, २०५३” को दफा १८ र “वन ऐन, २०४९” को को दफा ५० बमोजिम कारवाही हुनेछ ।

(८) दण्ड सजाँय सम्बन्धी अन्य व्यवस्था संघ तथा प्रदेश कानूनले तोके बमोजिम हुनेछ ।

**१३. व्याख्या तथा बचाउः**

यो निर्देशिका जारी हुनुभन्दा अघि भए गरेका कार्यहरू यसै बमोजिम भए गरेको मानिनेछ। निर्देशिकामा उल्लेख भए जति कुरा यसै बमोजिम हुनेछ । अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची-१**

**(नियम ४ (क) सँग सम्बन्धित)**

**होटल/रेष्टुरेण्ट व्यवसायको इजाजत लिने प्रयोजनको निवेदन ढाँचा**

मितिः.........................

श्रीमान् प्रमुख ज्यू
अन्नपूर्ण गाउँपालिकाको कार्यालय, कास्की

**विषयः होटल/रेष्टुरेण्ट व्यवसायको सञ्चालन अनुमति पाउँ ।**

प्रस्तुत विषयमा म निवेदक ........................................ले अन्नपूर्ण गाउँपालिका वडा नं ...... को ..................................... स्थानमा तपसील बमोजिमको विवरण भएको व्यवसाय सञ्चालन गर्न चाहेकाले सोको अनुमतिका लागि वडा कार्यालयको सिफारिस साथ यो निवेदन पेश गरेको छु ।

तपसीलको विवरण

१. सञ्चालकको नामः .......................

२. सञ्चालकको ठेगानाः

(क) स्थायीः.........................................

(ख) अस्थायीः........................................

३. प्रस्तावित होटल/रेष्टुरेण्टको नामः

(क) नेपालीमाः.........................................

(ख) अंग्रेजी (Block Letter) माः............................

४. स्वामित्वको किसिमः निजी/साझेदारी/ सामूहिक/संस्थागत

(संगठित संस्थाको हकमा संस्थागत निर्णयको प्रतिलिपि र संस्थाको निवेदन अनिवार्य हुनुपर्नेछ)

५. व्यवसायको अधिकृत पूँजीः ..................................

६. व्यवसाय सञ्चालन गर्ने जग्गाको विवरण : (क) जग्गाको स्वामित्व............. (ख)जग्गाको कित्ता नं................(ग) जग्गाको क्षेत्रफलः...........................

७. होटलको क्षमताः

(क) सिंगल वेडरुम संख्याः .......... साइजः .... फूट.... फूट . .......फूट

(ख) डबल बेडरुम संख्याः .......... साइजः .... फूट.... फूट . .......फूट

(ग) ट्रिपल बेडरुम संख्याः .......... साइजः .... फूट.... फूट . .......फूट

(घ) कमन बेडरुम संख्याः .......... साइजः .... फूट.... फूट . .......फूट

८. रेष्टुरेष्टले ओगटेको क्षेत्रफल :

संख्याः ....... साइजः ....फूट.... फूट . .......फूट

९. फोहोर व्यवस्थापन विधि (फोहोरको वर्गीकरण र विर्सजन):

१०. जनशक्तिको विवरण: (क) दक्ष ...... (ख) अर्धदक्ष ....... (ग) अदक्ष ...... (घ) जम्मा.......
निवेदकको नाम, इमेल, सम्पर्क नम्बर र सही

**(ख अन्य पर्यटन उद्योग/व्यवसायको इजाजत लिने प्रयोजनको निवेदन ढाँचा**

श्रीमान् प्रमुख ज्यू मिति:......................
अन्नपूर्ण गाउँपालिकाको कार्यालय, कास्की

**विषय: .......... व्यवसायको सञ्चालन अनुमति पाउँ ।**

प्रस्तुत विषयमा म निवेदक .......................................ले अन्नपूर्ण गाउँपालिका वडा नं ...... को ..................................... स्थानमा तपसील बमोजिमको विवरण भएको व्यवसाय सञ्चालन गर्न चाहेकाले सोको अनुमतिका लागि वडा कार्यालयको सिफारिस साथ यो निवेदन पेश गरेको छु ।

तपसीलको विवरण

१. सञ्चालकको नाम: .......................
२. सञ्चालकको ठेगाना:
 (क) स्थायी:........................................
 (ख) अस्थायी:.......................................
३. प्रस्तावित व्यवसायको नाम:
 (क) नेपालीमा:.........................................
 (ख) अंग्रेजी (ड्ढयिअप ीभततभच) मा:............................
४. स्वामित्वको किसिम: निजी/साझेदारी/ सामूहिक/संस्थागत
 (संगठित संस्थाको हकमा संस्थागत निर्णयको प्रतिलिपि र संस्थाको निवेदन अनिवार्य हुनुपर्नेछ)
५. व्यवसायको अधिकृत पूँजी: ..................................
६. व्यवसाय सञ्चालन गर्ने जग्गाको विवरण : (क) जग्गाको स्वामित्व............. (ख) जग्गाको कित्ता नं................ (ग) जग्गाको क्षेत्रफल:...........................
७. लक्षित सेवाग्राहीको संख्या (वार्षिक):
८. व्यवसायिक संरचनाले ओगट्ने क्षेत्रफल :
९. फोहोर व्यवस्थापन विधि (फोहोरको वर्गीकरण र विर्सजन):
१०. जनशक्तिको विवरण: (क) दक्ष ...... (ख) अर्धदक्ष ...... (ग) अदक्ष ..... (घ) जम्मा....

निवेदकको नाम, इमेल, सम्पर्क नम्बर र सही

**अनुसूची-२**

**(नियम ४ (ख) देखि (च) सँग सम्बन्धित)**

(ख) अन्य उद्योग/व्यवसाय सम्बन्धी व्यवसायको इजाजत लिने प्रयोजनको निवेदन ढाँचा

मितिः ....................

श्रीमान् प्रमुख ज्यू

अन्नपूर्ण गाउँपालिकाको कार्यालय, कास्की

**विषयः ............ व्यवसायको सञ्चालन अनुमति पाउँ ।**

प्रस्तुत विषयमा म निवेदक .......................................ले अन्नपूर्ण गाउँपालिका वडा नं ...... को ............................... स्थानमा तपसील बमोजिमको विवरणको व्यवसाय सञ्चालन गर्न चाहेकाले सोको अनुमतिका लागि वडा कार्यालयको सिफारिस साथ यो निवेदन पेश गरेको छु ।

तपसीलको विवरण

१. सञ्चालकको नामः .......................

२. सञ्चालकको ठेगानाः

(क) स्थायीः.........................................

(ख) अस्थायीः........................................

३. प्रस्तावित व्यवसायको नामः

(क) नेपालीमाः.........................................

(ख) अंग्रेजी (Block Letter) मा :............................

४. स्वामित्वको किसिमः निजी/साझेदारी/ सामूहिक/संस्थागत

(संगठित संस्थाको हकमा संस्थागत निर्णयको प्रतिलिपि र संस्थाको निवेदन अनिवार्य हुनुपर्नेछ)

५. व्यवसायको अधिकृत पूँजीः ..................................

६. व्यवसाय सञ्चालन गर्ने जग्गाको विवरण : (क) जग्गाको स्वामित्व.............

(ख) जग्गाको कित्ता नं................. (ग) जग्गाको क्षेत्रफलः...........................

७. लक्षित सेवाग्राहीको संख्या (वार्षिक):

८. व्यवसायिक संरचनाले ओगट्ने क्षेत्रफल :

९. लक्षित उत्पादन क्षमताः

१०. कच्चा पदार्थको विवरणः

११. कच्चा पदार्थको स्रोतः

१२. फोहोर व्यवस्थापन विधि (फोहोरको वर्गीकरण र विर्सजन):

१३. जनशक्तिको विवरणः (क) दक्ष ...... (ख) अर्धदक्ष ...... (ग) अदक्ष ..... (घ) जम्मा....

निवेदकको नाम, इमेल, सम्पर्क नम्बर र सही

प्रमाणिकरण मिति : **२०७४/१२/२९**

राजपत्रमा प्रकाशित मिति : **२०७५/०३/१२**

आज्ञाले,

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत